फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

नेपाल सरकार र संयुक्त अरब इमिरेट्स (युएई) सरकारबीच सन् २०१९ मा भएको श्रम समझदारीपत्रको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा संयुक्त अरब इमिरेट्स सरकारद्वारा आयोजित एक Virtual Roadshow कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकंनारायण अर्यालज्यूको नेतृत्वको प्रतिनिधिमण्डलको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा युएई सरकारका तर्फबाट मानव संशाधन तथा इमिरिटाइजेशन मन्त्रालयका सचिव श्री खलिल खौरीले नेतृत्व गर्नु भएको प्रतिनिधिमण्डलको सहभागिता थियो।

कार्यक्रममा नेपाल-युएई श्रम समझदारीपत्र कार्यान्वयन, द्विपक्षीय संयुक्त कार्यसमितिका बैठकहरुले गरेका निर्णयहरुको कार्यान्वयन, Employer Pay Principle लागू गर्ने लगायत द्विपक्षीय श्रम सम्बन्धी हितका विविध विषयहरुमा अन्तर्क्रिया भयो।

वैदेशिक रोजगार व्यवसायी संघको समेत सहभागिता रहेको उक्त कार्यक्रममा परराष्ट्र मन्त्रालयका प्रतिनिधि, यूएईस्थित नेपाली राजदूतावासका प्रतिनिधि, वैदेशिक रोजगार विभागका महानिर्देशक, वैदेशिक रोजगार वोर्डका कार्यकारी निर्देशक एवं मन्त्रालयका उच्चपदस्थ अधिकारीको उपस्थिति रहेको थियो।

मिति:-२०७९-०७-१५

डा. थानेश्वर भुसाल
उपसचिव/सहायक प्रवक्ता